लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सूचना नम्बरः १२/२०८३-८४ **प्रथम पटक प्रकाशित मितिः २०८३।०७।१९**

कार्यक्रम सञ्चालनका लागि आवेदन (प्रस्तावना) पेस गर्ने सम्बन्धी सूचना।

यस केन्द्रको चालू आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशन भएको मितिले २७ दिन भित्र (मिति २०८३।०८।१५ गते सम्म) यस केन्द्रमा कार्यालय समय भित्र तपसिलमा उल्लिखित कागजातहरू सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेस गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयबाट वा कार्यालयको वेबसाइट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६५६००६३ मा सम्पर्क गर्न सकिने छ।

कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थानः विजयनगर गाउँपालिका भरी

कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	खर्चको सीमा
अभियानमूखी मकै उत्पादन कार्यक्रम (विजयनगर गापा)	• बीउ विजन, विषादी, शुश्मखाद्यत्व, • बाली कटानी, • मकै रोप्ने तथा मकै छोडाउने यन्त्र उपकरणमा सहयोग, • अभिमुखीकरण तथा क्षमता विकासका कार्यहरू।	• सम्बन्धित स्थानीय तहको समन्वयमा फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्था छनोट गर्नुपर्ने, • सिँचाई सुविधा उपलब्ध भएको स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्ने, • उपयुक्त बालीचक्र मार्फत हिउँदे/बसन्ते सिजनमा कार्यक्रम सञ्चालन गर्नुपर्ने, • छनोट भएको क्षेत्र कम्तीमा २.५ हे. क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने।	• उत्पादन सामग्रीमा र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान । • प्रति हे. अधिकतम रु. पच्चीस हजार सम्म खर्च गर्न सकिने, • अभिमुखीकरण क्षमता विकास कार्यका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशत सम्म खर्च गर्न सकिने।

संलग्न गर्नु पर्ने कागजातहरू

१. प्रस्तावको निवेदन ।
२. दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट पश्चात् पेस गर्न सकिने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्य-योजना सहितको प्रस्ताव।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी/संस्थाको हकमा मात्र)।
७. प्रस्ताव पेस गर्नेको नागरिकताको प्रतिलिपि।
८. किसान सूचीकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर र कृषि शाखाको सिफारिस पत्र।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनीको गत आर्थिक वर्षमा जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि वा जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

०८३।६।१९

घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दर्शै)